मिति : २०८०/०२/०५, कापा बैठक संख्याः१८-०७९/८०

प्रस्तावहरू

१. आगामी आ.व. २०८०/८१ को नीति तथा कार्यक्रम र बजेट निर्माण सम्बन्धमा,

२. संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M Survey) सम्बन्धमा,

३. आर्थिक सहायता विधेयक तयार सम्बन्धमा,

४. चालु आ.व.का विनियोजित योजना तथा कार्यक्रम खर्चको स्रोत मिलान गर्ने सम्बन्धमा,

५. जग्गा नापजाँच सम्बन्धमा,

६. विविध ।

निर्णयहरू

१. आगामी आ.व. २०८०/८१ को नीति तथा कार्यक्रम र बजेट निर्माण सम्बन्धमा देहाय बमोजिम गर्ने :

- गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा गठित राजस्व परामर्श समितिले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५ को क्षेत्राधिकारभित्र रही यस गाउँपालिकाको आन्तरिक आयको श्रोत, दायरा र दरको विश्लेषण सहित अनुमानित आन्तरिक आय प्रक्षेपण गरी चालु आ.व. को आर्थिक ऐनमा परिवर्तन गर्नुपर्ने नीतिगत व्यवस्थाका लागि सरोकारवालहरूसँग छलफल र अन्तर्क्रिया गरी मिति २०८०/०२/२५ गतेसम्म कार्यपालिका बैठकमा प्रतिवेदन पेश गर्नको लागि समय सीमा तोक्ने,
- आगामी आ.ब. का लागि संघीय सरकार एवं लुम्बिनी प्रदेश सरकारबाट प्राप्त बजेट सिलिङ सहितको विवरण तयार गरी आर्थिक प्रशासन शाखाले आगामी बैठकमा पेश गर्ने,
- यस गाउँपालिकाको आगामी आ.व. २०८०/८१ को नीति तथा कार्यक्रम र बजेटमा समावेश गर्नुपर्ने विषयहरूको लागि राय सुझाव माग गर्दै सार्वजनिक सूचना जारी गर्ने,
- आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम तयारीको लागि प्रत्येक विषयगत समिति संयोजकहरूले आफ्नो क्षेत्रसँग सम्बन्धित शाखाहरूसँग समन्वय गरी नीति तथा कार्यक्रममा समेट्नुपर्ने मुख्य-मुख्य बुँदाहरू तयार गरी मिति २०८०/०२/३० सम्म कार्यालयमा पेश गर्ने,

मिति : २०८०/०२/०५, कापा बैठक संख्या:१८-०७९/८०

२. संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M Survey) सम्बन्धमा,

यस गाउँपालिकाका कर्मचारीहरूको लागि स्थानीय तहको गठन पश्चात स्थायी कर्मचारीहरूको संगठन संरचना र दरबन्दी तेरिज स्वीकृत भई आएको तर कार्यालय सहयोगी, नगर प्रहरी, इलेक्ट्रिसियन, सवारी चालक लगायतका पदको लागि यस कार्यालयको दरबन्दी हालसम्म यकिन नभएको तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ बमोजिम प्रत्येक स्थानीय तहले कार्यालयको कार्यबोझ, राजस्व क्षमता र औचित्यता समेतलाई मध्यनगर गर्दै O&M सर्भे गरी दरबन्दी पुनरावलोकन गर्ने व्यवस्था भए बमोजिम यस गाउँपालिकाको लागि आगामी गाउँसभामा पेश गर्ने गरी सार्वजनिक खरीद ऐन र नियमाव्रली बमोजिम परामर्श सेवाबाट O&M सर्भे को कार्य प्रारम्भ गर्ने

३. आर्थिक सहायता विधेयक तयार सम्बन्धमा,

यस गाउँपालिकाको कार्यालयबाट प्रदान हुने व्यक्तिगत तथा संस्थागत सहायतालाई निश्चित मापदण्डका आधारमा व्यवस्थित गराउने प्रयोजनार्थ कानूनी व्यवस्था गर्न आवश्यक रहेकोले आर्थिक सहायता विधेयक तयार गर्नको लागि सैद्धान्तिक सहमति प्रदान गर्ने । उक्त विधेयक आगामी सभामा पेश गर्ने गरी मस्यौदा तयार गर्नको लागि देहाय अनुसारको कार्यदल गठन गर्ने देहाय

गाउँपालिका उपाध्यक्ष — संयोजक

प्रमुख प्रशासकीय अधिकृत - सदस्य

विधेयक समिति संयोजक — सदस्य

लेखा अधिकृत - सदस्य

प्रशासन शाखा प्रमुख — सदस्य सचिव

उपर्युक्त समितिले आवश्यक परेका विभिन्न विषय विज्ञ समेतको सहयोग लिइ प्रारम्भिक मस्यौदा मिति २०८०/०२/३० गतेसम्म विधेयक समितिमा समेत छलफल गराइ कार्यपालिका बैठकमा पेश गर्ने,

४. चालु आ.व.का विनियोजित योजना तथा कार्यक्रम खर्चको स्रोत मिलान गर्ने सम्बन्धमा

कञ्चन गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालयलाई संघीय सरकार अन्तर्गत आ.व.०७९/८० मा प्राप्त हुनुपर्ने राजश्व बाँडफाँड बापतको रकम समयमा प्राप्त नभएको तथा प्रक्षेपण गरिए अनुसारको रकम समेत प्राप्त हुने नदेखिएको साथै वित्तिय समानिकरण अनुदान बापतको रकम समेत अर्थ मन्त्रालयको च.न. १२१ मितिः २०८०/०१/१४ गतेको पत्रानुसार ५० प्रतिशत मात्र प्राप्त हुने गरि सुचना प्राप्त भएकोमा कार्यालयको दैनिक कामकाज तथा कर्मचारीको तलब भत्तामा विभिन्न बजेट शिर्षकमा विनियोजन गरिएको स्रोत अनुसारको रकम अभावका कारण कार्यालय संचालन गर्न असहज भएकोले गर्दा तपसिल अनुसार स्रोत मिलान गरी खर्च लेख्ने

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च शीर्षक | साविक स्रोत | स्रोत संसोधन भएको रकम | स्रोत मिलान |
|---|---|---|---|---|---|
| १ | पारिश्रमिक कर्मचारी | २११११ | राजस्व बाँडफाँड - संघीय सरकार | ३०००००० | आन्तरिक श्रोत/अल्या |
| २ | अन्य भत्ता | २११३९ | राजस्व बाँडफाँड - संघीय सरकार | ३००००० | आन्तरिक श्रोत/अल्या |
| ३ | पदाधिकारी अन्य सुबिधा | २११४२ | राजस्व बाँडफाँड - संघीय सरकार | १५५०००० | आन्तरिक श्रोत/अल्या |
| ४ | संचार महसुल | २२११२ | राजस्व बाँडफाँड - संघीय सरकार | ४९५००० | नेपाल सरकार - समानिकरण अनुदान |
| ५ | इन्धन (कार्यालय प्रयोजन) | २२२१२ | राजस्व बाँडफाँड - संघीय सरकार | ३२२००० | नेपाल सरकार - समानिकरण अनुदान |
| ६ | इन्धन (कार्यालय प्रयोजन) | २२२१२ | राजस्व बाँडफाँड - संघीय सरकार | ३७६००० | नेपाल सरकार - समानिकरण अनुदान |
| ७ | मसलन्द तथा कार्यालय सामाग्री | २२३११ | राजस्व बाँडफाँड - संघीय सरकार | २२१६००० | नेपाल सरकार - समानिकरण अनुदान |
| ८ | पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन खर्च | २२३१५ | राजस्व बाँडफाँड - संघीय सरकार | ६७५००० | नेपाल सरकार - समानिकरण अनुदान |
| ९ | करार सेवा शुल्क | २२४१३ | राजस्व बाँडफाँड - संघीय सरकार | २०००००० | आन्तरिक श्रोत/अल्या |
| १० | विविध खर्च | २२७११ | राजस्व बाँडफाँड - संघीय सरकार | ८३५००० | आन्तरिक श्रोत/अल्या |
| ११ | सामाजिक सुरक्षा | २७१११ | राजस्व बाँडफाँड - संघीय सरकार | ५०००० | नेपाल सरकार - समानिकरण अनुदान |

साथै विभिन्न बजेट शिर्षकमा विनियोजन गरिएको रकमले कार्यालय संचालनमा अभाव भएको तथा अन्य तपशिल बमोजिका कार्यक्रम संचालन गर्न आवश्यक रहेको व्यहोरा अनुभुती गरि तपशिल बमोजिम बजेट विनियोजन, स्रोतमिलान तथा बजेट बाँडफाँड गर्ने निर्णय गरियो ।



नवराज ढकाल
गा.पा. अध्यक्ष

सागर ...
प्रमुख प्रशासकीय अधिकृत

| बजेट संसोधन, थप तथा बाँडफाँड | | | |
|---|---|---|---|
| क.सं. | बजेट शिर्षक | स्रोत | रकम |
| १ | फर्निचर तथा फिक्सर, फर्निसिङ्ग | नेपाल सरकार - समानिकरण अनुदान (भैपरि आउने चालु खर्चबाट स्रोत मिलान) | १०००००० |
| २ | कार्यालय सामाग्री | नेपाल सरकार - समानिकरण अनुदान (भैपरि आउने चालु खर्चबाट स्रोत मिलान) | १०००००० |
| ३ | संगठन तथा व्यवस्थापन सर्वेक्षण | नेपाल सरकार - समानिकरण अनुदान | ५००००० |
| ४ | कर्मचारी तथा नव-नियुक्त जनप्रतिनिधिलाई सभा सञ्चालन र कानुन निर्माण सम्बन्धी अभिमुखिकरण र प्रयोगात्मक अभ्यास | नेपाल सरकार - समानिकरण अनुदान | ५००००० |

**५. जग्गा नापजाँचस सम्बन्धमा**

कञ्चन गाउँपालिकाको वडा नं. १, २, ३, ४ र ५ अन्तर्गतका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीले बसोबास वा आवाद कमोत गरेका देहायको चौकिल्ला बमोजिमको वस्ती/टोल/गाउँ ब्लकको प्रकृति देहाय बमोजिम हुने र वस्ती देहाय बमोजिमको क्षेत्रमा पर्ने निर्णय गरी आवश्यक काम कारवाहीको लागि राष्ट्रिय भूमि आयोग जिल्ला समिति रूपन्देहीमा पठाउने ।

तपसिल

| वार्ड नं | टोलको नाम (ब्लकको नाम) | ब्लक नं | साविक गा.वि.स./वार्ड नं./सिट नं. | साविक कित्ता नं | पुर्व | पश्चिम | उत्तर | दक्षिण | अनुमानित क्षेत्रफल (हेक्टर) | तहगत क्षेत्र | जग्गाको प्रकृति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रगतिचोक | 12 | गजेडी-2 ०९८-1304 | 9 | 098-1304 को कित्ता न.160,246 र 66 | 098-1304 को कित्ता न.123 र 61 | बाटो | 098-1304 को कित्ता न.217 र 68 | 34527 | ग्रामिण | पर्ति |



सागर गौतम
प्रमुख प्रशासकीय अधिकृत

गा.पा. अध्यक्ष

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सिर्जनसिल टोल | १ | गजेडी-1 ०९८-१२६५ | 2 | 098-1225 को सिट सिमाना | ब्लक नम्बर १ सिमाना | कञ्चन सेनामैना सिमाना | ०९८-1304 को कित्ता न.31 र 47 | 3.4495 | ग्रामिण | साविक वन |
| १ | बेलभरिया शान्तिनगर | २ | गजेडी-3 ०९८-1302 | 137 | 098-1302 को कित्ता न.98 र 93 | 098-1302 को कित्ता न.16,102 र 13 | 098-1265 को कित्ता न.8 | कञ्चन वडा न.1 र 2 को सिमाना | 26.9095 | ग्रामिण | पर्ति |
| १ | दिब्बईटोल | ३ | गजेडी-3 ०९८-1302 | 13 | 098-1303 को बाटो | कञ्चन नदी | 098-1302 को कित्ता न.11 र 12 | कञ्चन नदी | 4.4045 | ग्रामिण | पर्ति |
| १ | दिब्बईटोल | ४ | गजेडी-3 ०९८-1263 | 1 | 098-1305 को सिट सिमाना | कञ्चन नदी | वन | 098-1263को कित्ता न.359, 134 र 143 र 098-1303को कित्ता न.3 | 243.041 | ग्रामिण | साविक वन |
| १ | दानापुर | ५ | गजेडी-3 ०९८-1263 | 13 | 098-1263 को कित्ता न.-133,226 र 53 | 098-1263 को कित्ता न.-219 | 098-1263 को कित्ता न.-1 | 3 | 1.2815 | ग्रामिण | साविक वन |
| २ | क्रान्ति चोक टोल | ८ | गजेडी- ८ ०९८-१३८५ | १३७ | साविक गजेडी-८ को कित्ता नं. १३८(कुलो) | साविक गजेडी-८ को कित्ता नं. ३६०, ३६९,२१(बाटो) | साविक गजेडी-७ र ८ को सिमाना (सि.नं. ०९८-१३८५,०९८-१३८६) | साविक गजेडी-८ को कित्ता नं. १,६,७,५ (बाटो),१३८(कुलो) | १८ | ग्रामिण क्षेत्र | पर्ती |
| २ | गजेडी | ५ | गजेडी-४ ०९८-१३४३ | ५ | साविक गजेडी-४ कित्ता नं. १५(कुलो) | साविक गजेडी-४ कित्ता नं. १५(कुलो) | साविक गजेडी-४ कित्ता नं. ५८ | साविक गजेडी-४ कित्ता नं. ८५ | ०.१८९५ | ग्रामिण क्षेत्र | पर्ती |
| २ | विजय नगर टोल | ३ | गजेडी- ७ ०९८-१३८५ | १ | साविक गजेडी-७ कित्ता नं. १(०९०८-१३४५) र वन सिमाना | साविक गजेडी-७ कित्ता नं. १(०९८-१३०४), १०(०९८-१३४४) | वार्ड नं १ को सिमाना | साविक गजेडी-७ १०(०९८-१३८४),४,५,१७(०९८-१३४५) | १४४ | ग्रामिण क्षेत्र | पर्ती |
| २ | बसन्तफुलवारि टोल | ४ | गजेडी-४ ०९८-०१३४४ | १ | साविक गजेडी-४ कित्ता नं. १,४,५,२९ (०९८-१३४४) | साविक गजेडी-४ कित्ता नं. २०७,११५ (०९८-१३०३) | वार्ड नं. १ को सिमाना | साविक गजेडी-४ कित्ता नं. ३(कुलो)(०९८- | ६२ | ग्रामिण | पर्ती |

मिति : २०८०/०२/०५, कापा बैठक संख्याः१६-०७९/८०

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | ०१३४४) बगाई गाउँ जाने बाटो | | | |
| ३ | प्रतापपुर | १ | गजेडी- 9 | | सामुदायिक वन | हरैया प्रतापपुर बाटो | गजेडी-5छ को कित्ता न.12,37,15,38 | गैडाहवा सिमाना | ४९.१ | ग्रामिण | साविक वन |
| ३ | सौंगा | २ | गजेडी-7 | | वन सिमाना | गैडाहवा सिमाना | वन सिमाना | गैडाहवा सिमाना | 14.4 | ग्रामिण | साविक वन |
| ३ | करङगे | ३ | गजेडी-5 | | वन सिमाना र गैडाहवा सिमाना | गजेडी-5छ को कित्ता न. 236,161,124 ,102,510 र 219 | वन सिमाना | बाटो | 48.3 | ग्रामिण | साविक वन |
| ३ | हरैया | ४ | गजेडी-9 | | वन सिमाना र बाटो | हरैया प्रतापपुर बाटो | गजेडी-5च को कित्ता न.93,94 र बाटो | गजेडी-5छ को कित्ता न.13,10,22 र 38 | 8.72 | ग्रामिण | साविक वन |
| ४ | | १ | गजेडी | | कञ्चन नदि | फयर लाइन सडक | सडक ( जंगल किनारको) | गजेडी ५ङ कित्ता नं. ९६ | २४४ | ग्रामिण क्षेत्र | साविक वन |
| ४ | | २ | गजेडी | | गजेडी ५ङ कित्ता नं. ४२४,६७,७२ | फयर लाइन सडक | ब्लक १, गजेडी ५ङ कित्ता नं. ३१९,२८६ | वार्ड नं. ३ को सिमाना | ५२ | ग्रामिण क्षेत्र | साविक वन |
| ४ | | ३ | गजेडी | | वार्ड सिमाना (सुर्यपुरा) | गजेडी ५ङ कित्ता नं. १३२,२२८,१७१र ८ हुँदै ३ को सिमाना | ब्लक १ को सिमाना | वार्ड नं. ३ को सिमाना | ९५ | ग्रामिण क्षेत्र | साविक वन |
| ५ | उत्तर पुर्वि गरगरे टोल | १ | गजेडि | - | वार्ड नं ४ सिमाना | कित्ता नं. २०४, १६९,१,३२४,२५१, ५१० | रुद्रपुर सामुदायिक वन | वार्ड नं ३ सिमाना | १८९.८७ | ग्रामिण क्षेत्र | साविक वन |



सागर गौतम
प्रमुख प्रशासकीय अधिकृत

नवराज ढकाल
गा.पा. अध्यक्ष

मिति : २०८०/०२/०५, कापा बैठक संख्या:१६-०७९/८०

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | उत्तर देउराली टोल | २ | गजेडि | - | फाएर लाइन बाटो | गरगरे देखि वडा कार्याय जाने बाटो( स्मृति पथ) | रुद्रपुर सामुदायिक वन | गरगरे चोक देखि वडा कार्यालय जाने बाटो | ९.५३ | ग्रामिण क्षेत्र | साविक वन |
| ५ | थकालिचोकको दक्षिण टोल | ३ | गजेडि | - | वडा नं ३ को सिमाना | कित्ता नं. २५,२४,७०,२०३ | health post line जाने बाटो | कित्ता नं. ३८ ,३८,४२,१९२ ,१९५ | ६.७२ | ग्रामिण क्षेत्र | साविक वन |
| ५ | थकालिचोकको दक्षिण टोल | ४ | गजेडि | - | कित्ता नं. २२, २८,२९,२७१, १९५ | कपिलवस्तु जिल्ला सिमाना | कित्ता नं. १६३, ३४०,२३०,२७२ | वडा नं. ३ सिमाना | १८.४१ | ग्रामिण क्षेत्र | साविक वन |
| ५ | मालिका टोल | ५ | गजेडि | - | रुद्रपुर सामुदायिक वन | कित्ता नं. २७० ,२६७,२६४ ,४५८,१५,१ | रुद्रपुर सामुदायिक वन | स्मृति पथ | ७९.४८ | ग्रामिण क्षेत्र | साविक वन |
| ५ | डाँडा लाईन टोल | ६ | गजेडि | - | ब्लक नं. ९ सिमाना | सामुदायिक वन | कित्ता नं. ३९२, १०१,११३२,८५८ ,३८०,६२४ | रुद्रपुर सामुदायिक वन | ३१.२५ | ग्रामिण क्षेत्र | साविक वन |
| ५ | फाएर लाइन टोल | ७ | गजेडि | - | रुद्रपुर सामुदायिक वन | रुद्रपुर सामुदायिक वन | रुद्रपुर सामुदायिक वन | कित्ता नं. ७११,१०३० ,३७९,१०४७,८७३, ३१ | २६.३६ | ग्रामिण क्षेत्र | साविक वन |

नवराज ढकाल
गा.पा. अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

६. विविध

क. आर्थिक सहायता अनुमोदन सम्बन्धमा

- चालु आर्थिक वर्षमा गाउँपालिका अध्यक्षको तोकादेशमा हालसम्म वितरण भएका आर्थिक सहायताको विवरण बैठकमा जानकारी भई सो सम्बन्धी खर्च विवरण अनुमोदन गरियो,

ख. अभिमूखीकरण तथा कानून निर्माण सम्बन्धमा

- गाउँसभामा कानून निर्माण प्रक्रियालाई व्यवस्थित तवरले सञ्चालन गर्नको लागि सम्पूर्ण जनप्रतिनिधि र कर्मचारीहरूलाई अभिमूखीकरण तथा नमूना गाउँसभा र कानून निर्माण प्रक्रियाको बारेमा विज्ञहरूबाट प्रशिक्षित गर्ने गरी सार्वजनिक खरीद ऐन, नियम बमोजिम परामर्श दाता मार्फत कार्य गराउन जिम्मा दिने,

ग. रकम उपलब्ध गराउने सम्बन्धमा

- भूमिहीन दलित, भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोबासीको जग्गा नापजाँचमा खटिएका व्यक्तिहरू बिहानै देखि राती अबेर सम्म फिल्डमा खटिइ कामकाज गरिरहेको हुँदा उक्त कार्यमा खटिने कर्मचारी तथा जनप्रतिनिधिहरूको खाना, खाजा वापतको रकम कार्यालयले भुक्तानी दिने,
- यस गाउँपालिकामा पढ्दै कमाउदै कार्यक्रम अन्तर्गत सञ्चालन भएका २ विद्यालयहरू सरस्वती मा.बि. र मलावरदेवी मा.बि. मा प्राविधिक सहयोगका लागि खटनु भएका पुजा यादवलाई मासिक रू. १५०००/- उपलब्ध गराउने,

घ. रोजगार रणनीति मस्यौदा समिति गठन सम्बन्धमा

- यस गाउँपालिकाभित्र रहेका रोजगारीका सम्भावित अवसरहरुको पहिचान गर्न, रोजगार सम्वन्ध सेवा एवं सरोकारवालाहरुको नक्सांङकन गर्न, रोजगारीको हकको कार्यान्वयन गर्ने लगायत रोजगारीका अन्य विषयमा आवश्यक नीति तथा रणनीतिसँग सम्वन्धित कार्यनीति एवं कार्यक्रमहरु तर्जुमा गरि कार्यान्वयन गर्न देहाय बमोजिमको यस पालिकाको रोजागार रणनीति निर्माणका लागि देहाय बमोजिमको एक मस्यौदा समिति गठन गरि उक्त समितिलाई मस्यौदा पेश गर्नका लागि अनुरोध गर्ने,

<u>मस्यौदा समितिः</u>

| | |
|---|---|
| सामाजिक विकास समिति संयोजक- | संयोजक |
| आर्थिक विकास समिति संयोजक- | सदस्य |
| आर्थिक प्रशासन शाखा प्रमुख - | सदस्य |
| योजना शाखा प्रमुख - | सदस्य |
| रोजगार संयोजक - | सदस्य सचिव |

ङ. आय/व्यय विवरण सम्बन्धमा

- यस गाउँपालिकाको चालू आ.व. को हालसम्मको खर्च तथा आम्दानीको बारेमा समीक्षा गरियो । आ.व. २०७९/८० अन्तर्गत बैशाख मसान्त सम्म (तेस्रो त्रैमासिक) सम्ममा चालु खर्च तर्फ ५९.३८ प्रतिशत

सागर गौतम
प्रमुख प्रशासकीय अधिकृत

र पूँजीगत तर्फ २८.६५ प्रतिशत गरि एकमुष्ठ ४७.७८ प्रतिशत बजेट खर्च भएको व्यहोरा समेत बैठकमा जानकारी भयो ।

**स्वास्थ्य सम्बन्धी नीति, योजनाको स्वीकृति सम्बन्धमा**

- कञ्चन गाउँपालिकाको स्वास्थ्य क्षेत्रसँग सम्बन्धि देहाय बमोजिमका नीति, नियम तथा निर्देशिका पारित गर्ने :

    १. कञ्चन गाउँपालिकाको स्वास्थ्य तथा सरसफाई नीति,२०७९,

    २. कञ्चन गाउँपालिकाको स्वास्थ्य क्षेत्रको अनुगमन, मूल्यांकन तथा सुपरिवेक्षक निर्देशिका, २०७९,

    ३. कञ्चन गाउँपालिकाको स्वास्थ्य संकट एवम् विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, २०७९

**अ.न.मीको तलब सुविधा सम्बन्धमा**

- गजेडी स्वास्थ्य चौकीमा संचालित २४ घण्टे प्रसुति केन्द्रका लागि मिति २०७९/१२/०८ गतेको सूचना बमोजिम मिति २०८०/०१/०४ गतेको सिफारिस तथा छनौट समितिको निर्णय बमोजिम सिफारिस भई आएका अ.न.मी.हरुको मासिक तलब रु. २५,०००/- (अक्षरुपी पच्चिस हजार मात्र/-) र अन्य सुविधा प्रचलित नियमानुसार गर्ने,

**विद्यालयमा पंखा जडान सम्बन्धमा**

- कञ्चन गाउँपालिकाभित्र रहेका विभिन्न विद्यालयहरूमा पंखाको अभावले पठनपाठन असहज अवस्था सिर्जना भएकोले, विद्यालयमा पंखा जडानका लागि आवश्यकता अनुसार शैक्षिक संस्था सहायता तथा शिक्षा कार्यक्रम संचालन खर्च बजेट शीर्षकबाट रकम भुक्तानी हुने गरी पंखा खरीद तथा हस्तान्तरण गर्ने

**समिति गठन सम्बन्धमा**

- गाउँपालिकाको १३ औ गाउँसभाबाट स्वीकृत परम्परागत पेशा संरक्षणका लागि रू.१५००००/- विनियोजन भएकोमा उक्त कार्यक्रम सम्पादनका लागि वडाहरूबाट प्राप्त निवेदनहरूको आधारमा छनौट गरी सिफारिस गर्ने गरी देहाय बमोजिमको एक समिति गठन गर्ने निर्णय गरियो :

  संयोजक — मौसमी थापा मगर उपाध्यक्ष

  सदस्य — चित्रलाल तुलाचन कार्यपालिका सदस्य

  सदस्य — कुमारी घर्ती मगर कार्यपालिका सदस्य

  सदस्य — राधा भट्टराई आचार्य महिला विकास शाखा प्रमुख

  सदस्य सचिव — श्याम प्रसाद भुसाल जिन्सी शाखा प्रमुख

**आन्तरिक पर्यटन काज सम्बन्धमा**

- गाउँपालिकामा कार्यरत कर्मचारीहरूका लागि कर्मचारीको आन्तरिक पर्यटन काज कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९ बमोजिम कर्मचारीको शुरू तलब स्केलको आधा महिना बराबरको

मिति : २०८०/०२/०५, कापा बैठक संख्या:१६-०७९/८०

रकम भुक्तानी दिने व्यवस्था भएकोमा आर्थिक वर्ष २०७९/८० का लागि स्रोत अभावका कारण कर्मचारीको शुरू तलब स्केलको ७ दिनको तलब बराबरको रकम भुक्तानी दिने निर्णय गरियो ।

**ट. गाउँपालिका शिक्षा समिति गठन सम्बन्धमा**

- कञ्चन गाउँपालिकाको शिक्षा ऐन, २०७४ को दफा ९ मा गाउँ शिक्षा समिति रहने व्यवस्था बमोजिम तपसिल बमोजिमको गाउँ शिक्षा समिति गठन गर्ने :

<u>तपसिल</u>

| | | |
|---|---|---|
| क. नवराज ढकाल | गाउँपालिका अध्यक्ष | अध्यक्ष |
| ख. चित्रलाल तुलाचन | सामाजिक विकास समिति संयोजक | सदस्य |
| ग. कुमारी घर्ती मगर | गाउँसभा सदस्य | सदस्य |
| घ. तुल बहादुर गुरूङ्ग | गाउँसभा सदस्य | सदस्य |
| ङ. भुवन कुमार गौतम | प्र.अ. सामुदायिक विद्यालय | सदस्य |
| च. लेखनाथ पौडेल | प्र.अ. संस्थागत विद्यालय | सदस्य |
| छ. सागर गौतम | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ज. रमेश भुसाल | शिक्षा शाखा प्रमुख | सदस्य सचिव |

अन्य सदस्यहरू गाउँपालिका शिक्षा ऐन, २०७४ बमोजिम गाउँ शिक्षा समितिले मनोनित गर्नेछ ।

**ठ. अनुमति प्रदान गर्ने सम्बन्धमा**

आ.व. २०७९/८० को स्वीकृत कार्यक्रम अनुसार मैनिया विवेकको घरदेखि भित्री बाटो ग्राभेलका लागि विनियोजनित रू.१५०००००/- रकमबाट उपभोक्ता समितिको माग र वडा कार्यालयको सिफारिस बमोजिम PCC ढलान कायम गरी कार्यान्वयन गर्न अनुमति दिने ।